# कार्यपालिका ४३ औं बैठक

मिति २०७६ कार्तिक १

छलफलका विषयहरु

१ रिपोर्टिङ्ग तथा प्रगति

२ खोलाजन्य पदार्थ उत्खनन् तथा संकलनको बोलपत्र आब्हान

३ योजना कार्यान्वियनमा जनसहभागिता

४ कर्मचारी व्यवसथापन सम्बन्धमा

५ स्वास्थ्य चौकी एवं आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थानान्तरण

निर्णयहरु

१. नगर प्रमुख कृष्ण प्र. पौंडेल र प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज सेढाईबाट कार्यालय तथा वडाहरुमा दैनिक कामको सन्दर्भमा भए गरेका कामहरुको बारेमा बैठकलाई जानकारी गराइयो ।

२. पसाहा, बालगंगा र दुधौरा खोलाबाट खोलाजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न भएको IEE प्रतिवेदन जिल्ला समन्वय समितिबाट स्वीकृत भई आइसकेको हुँदा उक्त प्रतिवेदनमा उल्लेखित परिमाण आर्थिक ऐन २०७६ ले तोकेको प्रति क्यूफिट रु.६/- का दरले कायम हुने रकमलाई न्युनतम मुल्य कायम गरी ठेक्का कबोल गर्नेले सम्झौताका बखत एकमुष्ठ रकम बुझाएमा १० प्रतिशत छुट दिने गरी बोलपत्र आब्हान गर्न सार्बजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

३. चालु आ.ब.का योजनाहरु संघीय, प्रादेशिक र यसै न.पा.का स्वीकृत कानूनी व्यवस्था बमोजिम नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता पुष्टी हुने गरी उपभोक्ता समितिबाट गरिने कार्यमा उपभोक्ताहरुबाट न्युनतम ५ प्रतिशत नगद र ५ प्रतिशत श्रमदान हुने गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरीयो।

४. जिल्ला समन्वय समितिबाट खटिई आउनु भएका लेखापाल श्री घनश्याम चौधरी (हाल वडा नं.१२ का सचिव) ले जिल्ला समन्वय समिति, बारा मार्फत बारा जिल्लाकै अन्य पालिकामा खटिई जान सहमती माग भएकोमा सहमती दिने निर्णय गरियो ।

५. वडा नं.१६ स्थित सखुवाघाटमा सञ्चालनमा रहेको आधारभुत स्वास्थ्य सेवा केन्द्र तहाँ प्राथमिक स्वास्थ्य चौकी सञ्चालन गर्ने गरी वडा नं.२३ को भलुहीमा र वडा नं.१५ स्थित हातिसारमा रहेको प्राथमिक स्वास्थ्य चौकीलाई चौकीबाट प्रवाह हुने भन्दा उच्च गुणस्तरको सेवादिन शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रले कार्य गर्न थालेको तथा वडा नं.१६ मा स्वास्थ्य संस्था नै नभएको र वडाको क्षेत्रफल एवं जनसंख्या पनि बढी भएको कारणले वडा नं.१६ स्थित पिलुवा बजारमा स्थानान्तरण गर्ने निर्णय गरियो ।

Scanned by CamScanner